# स्थानीय राजपत्र

**खैरहनी नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड (७) चितवन, श्रावण १८, २०८० साल अंक ३**

**भाग ३**

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०८० को कार्यविधि नं. ३**

**खैरहनी नगरपालिकाका केही कार्यविधिहरु संशोधन गर्न बनेको कार्यविधिगत कानून २०८०**

प्रस्तावना,

खैरहनी नगरपालिकाका केही कार्यविधिहरु संशोधन गरी समसामयीक बनाई कार्य सञ्चालनमा सहजता ल्याउन वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाको मिति २०८०/०४/१७ मा बसेको बैठकले देहाय बमोजिमका कार्यविधिहरुमा देहाय बमोजिम संशोधन गरेको छ ।

# खैरहनी नगरपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि २०७८ (तेस्रो संशोधन २०८०)

<table>
<tr><th>क्र.सं</th><th>दफा /उपदफा</th><th>विद्यमान व्यवस्था</th><th>संसोधित व्यवस्था</th></tr>
<tr><td>१</td><td>दफा १३</td><td>वडा स्तरीय मेलमिलाप केन्द्रको अध्यक्ष र सदस्यहरुको काम, कर्तव्य, अधिकार र सेवा सुविधा</td><td>वडा स्तरीय मेलमिलाप केन्द्रको संयोजक र सदस्यहरुको काम, कर्तव्य, अधिकार र सेवा सुविधा</td></tr>
<tr><td>२</td><td>दफा १३ (झ)</td><td>वडा स्तरीय मेलमिलाप समितिका संयोजक र सदस्यहरुको मासिक सेवा सुविधा अनुसुची ९ बमोजिम हुनेछ । साथै दफा ७(३) बमोजिम नगरस्तरीय मेलमिलाप समिति गठन भएको अवस्थामा सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ</td><td>वडा स्तरीय मेलमिलाप समितिका संयोजकहरुको मासिक सेवा सुविधा अनुसुची ९ बमोजिम हुनेछ ।</td></tr>
<tr><td>३</td><td>दफा १५ (ज)</td><td>नगरस्तरीय मेलमिलाप समितिका सदस्यहरुको सेवा सुविधा वडास्तरीय मेलमिलाप समितिका सदस्य सरह हुनेछ ।</td><td>सो दफा व्यवस्था हटाइएको ।</td></tr>
<tr><td>४</td><td>अनुसूची ९</td><td>वडा स्तरीय मेलमिलाप समितिको मासिक सेवा सुविधा
<table>
<tr><th></th><th>यातायात खर्च वा इन्धन</th><th>खाना खाजा खर्च</th><th>संचार सुविधा</th><th>जम्मा</th></tr>
<tr><td>संयोजक</td><td>२,०००।–</td><td>२,५००।–</td><td>५००।–</td><td>५,०००।–</td></tr>
<tr><td>सदस्य</td><td>१,०००।–</td><td>१,०००।–</td><td>५००।–</td><td>२,५००।–</td></tr>
</table></td><td>वडा स्तरीय मेलमिलाप समितिको संयोजकको मासिक सेवा सुविधा
<table>
<tr><th></th><th>यातायात खर्च वा इन्धन</th><th>खाना खाजा खर्च</th><th>संचार सुविधा</th><th>जम्मा</th></tr>
<tr><td>संयोजक</td><td>२,०००।–</td><td>२,५००।–</td><td>५००।</td><td>५,०००।–</td></tr>
</table></td></tr>
</table>

खैरहनी नगरपालिका स्थानीय राजपत्र

## युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ ( दोस्रो संशोधन २०८०)

| क्र सं | दफा/उपदफा | कार्यविधिमा उल्लेख भएको | संशोधन गर्नु पर्ने |
|---|---|---|---|
| १ | १ (क) | स्वयं सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ | युवा स्वयं सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ |
| २ | ३ (१)(घ) | घ. आबेदन दिने व्यक्ति १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ। र खैरहनी नगरपालिकाभित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ। | घ. आबेदन दिने व्यक्ति १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ। र खैरहनी नगरपालिकाभित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ। |
| ३ | ३ (१)(छ) | छ. हरेक वर्ष नगरपालिकाले स्वयंसेवक शिक्षकमा सूचीकृत हुन चाहनेहरुका लागि दरखास्त आह्वान गर्नेछ। शिक्षा शाखाले योग्यता पुगेका निवेदकहरुको योग्यताक्रमका आधारमा सूचि तयार पारी प्रकाशन गर्नेछ। सूचि तयार पार्दा आधारभूत तहको छुट्टै र माध्यमिक तहको विषयगत सूची तयार पार्नु पर्नेछ। | छ. हरेक वर्ष नगरपालिकाले स्वयंसेवक शिक्षकमा सूचीकृत हुन चाहनेहरुका लागि श्रावण महिनाको पहिलो सातामा दरखास्त आह्वान गर्नेछ। शिक्षा शाखाले योग्यता पुगेका निवेदकहरुको योग्यताक्रमका आधारमा सूचि तयार पारी प्रकाशन गर्नेछ। सूचि तयार पार्दा आधारभूत तहको छुट्टै र माध्यमिक तहको विषयगत सूची तयार पार्नु पर्नेछ |
| ४ | १ (ज), (झ), (ञ) | | ज. उम्मेदवारले प्राप्त गरेको सर्टिफिकेटको नतिजामा उत्तीर्ण प्रतिशत उल्लेख भएकालाई GPA मा रुपान्तरण गरी नतिजालाई एकरुपता कायम गरिनेछ। नतिजामा एकरुपता कायम गरेपछी विषयगत आवश्यकता नपर्ने तहको लागि सबै भन्दा उच्चतम GPA प्राप्त गर्ने उम्मेदवारलाई अग्रस्थानमा राखि क्रमश उम्मेदवारको सूचिकृत गरिनेछ। र विषयगत आवश्यकता पर्नेको हकमा विषयगत रुपमै उच्चतम GPA प्रतिशतको आधारमा सूचिकृत गरिनेछ।<br>झ. विद्यालयमा कोटा निर्धारण गर्दा पूर्व प्राथमिक तहमा नर्सरी र केजी कक्षाको लागि न्यूनतम १/१ जना र अन्य तहमा न्यूनतम शिक्षक दरवन्दी कायम हुने गरी निर्धारण गर्ने र आधारभूत तह (कक्षा ६-८) सञ्चालित तथा माध्यमिक तहमा न्यूनतम दरवन्दी र विषयगत शिक्षकको आवश्यक्ता हेरी कोटा निर्धारण गर्नु पर्नेछ।<br>ञ. विद्यालयमा खटाउने पूर्व प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहको लागि कोटा निर्धारण भएपछी सुचिकृत भएका उम्मेदवार मध्ये योग्यताक्रममा सबै भन्दा माथि रहेका उम्मेदवारलाई निर्धारीत कोटामा नियुक्ति गरी विद्यालयमा खटाइनेछ |
| ५ | ४(२)(क) | क. विद्यालयमा गरेको कामकाजको आधारमा प्र.अ. ले हाजिरी प्रमाणित गरी नगरपालिकामा पेश गरेपछि यातायात, खाजा र सञ्चार खर्च बापत पूर्व प्राथमिक तह र आधारभूत तहका लागि मासिक रु | क. विद्यालयमा गरेको कामकाजको आधारमा प्र.अ. ले हाजिरी प्रमाणित गरी नगरपालिकामा पेश गरेपछि यातायात, खाजा र सञ्चार खर्च बापत पूर्व प्राथमिक तह र आधारभूत तह (कक्षा १-५) का लागि नियुक्ति भएकालाई मासिक रु १५,०००।- पन्ध्र हजार, र आधारभूत तह (कक्षा ६- |

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | | १०,०००।- (दश हजार) र मध्यमिक तहका लागि रु १५०००। (पन्ध्र हजार) नगरपालिकाबाट निर्वाह खर्च स्वरुप उपलब्ध गराइनेछ । यसरी नियुक्ति भएका स्वयम् सेवक शिक्षकले सार्वजनिक तथा वार्षिक विदाका अतिरिक्त प्रति महिना १ दिन थप विदा लिन पाउनेछ । तर स्वयंसेवकको लागि खटाएको तीन महिनाको अवधिमा वार्षिक विदा वा सात दिन भन्दा बढीको लामो विदा पर्न आएमा सो अवधि कट्टा गरी तीन महिना सेवा पुरा गर्नु पर्नेछ । | ८) का लागि नियुक्ति भएकालाई मासिक रु २०,०००।- बीस हजार र र मध्यमिक तह (कक्षा ९-१०) का लागि नियुक्ति भएका स्वयंसेवक शिक्षकका लागि मासिक रु २५,०००।- पच्चिस हजार नगरपालिकाबाट निर्वाह खर्च स्वरुप उपलब्ध गराइनेछ । यसरी नियुक्ति भएका स्वयम् सेवक शिक्षकले सार्वजनिक तथा वार्षिक विदाका अतिरिक्त प्रति महिना १ दिन थप विदा लिन पाउनेछ । तर स्वयंसेवकको लागि खटाएको तीन महिनाको अवधिमा वार्षिक विदा वा सात दिन भन्दा बढीको लामो विदा पर्न आएमा सो अवधि कट्टा गरी तीन महिना सेवा पुरा गर्नु पर्नेछ । |
| ६ | ५(क) | क. विशेष परिस्थितिमा स्वयंसेवक शिक्षकको म्याद नगर शिक्षा समितिको परामर्शमा नगर शिक्षा अधिकारीले थप गर्न सक्नेछ । | क. स्वयंसेवक शिक्षक नियुक्ति गर्दा सामान्यतया एक आर्थिक वर्ष (११ महिना) को लागि नियुक्ति गरी करार सम्झौता गर्नु पर्नेछ । विशेष परिस्थितिमा स्वयंसेवक शिक्षकको म्याद नगर शिक्षा समितिको परामर्शमा नगर शिक्षा अधिकारीले थप गर्न सक्नेछ । |
| ७ | अनुसूची २ | स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यबिधि २०७६ | युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यबिधि २०७६ (दोस्रो संशोधन) |
| ८ | | कार्यविधिमा रहेका स्थानीय शिक्षा अधिकारी भन्ने शब्दको सट्टा | नगर शिक्षा अधिकारी |
| ९ | | यो कार्यविधि लागु हुने समय थप | यो कार्यविधि २०८० श्रावण १ गते देखि लागू हुनेछ । |

**बिपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि -२०७९ (पहिलो संशोधन २०८०)**

| | | | |
|---|---|---|---|
| क्र.स. | दफा/नियम/उपनियम | हालको व्यवस्था के थियो | परिमार्जन गर्न खोजेको विवरण |
| १ | दफा २ | रोजगारीको परिभाषा थप | दफा २ (ङ) मा रोजगारीको परिभाषा दिनु पर्ने , जसमा रोजगारी भन्नाले सरकारी, गैर सरकारी. निजि क्षेत्रमा वा बैदेसिक रोजगारीमा स्थाई अथवा करारमा कार्यरत |
| २ | दफा ५ उपदफा २ | लागत इस्टिमेट सम्बन्धि प्राबधान | उपदफा हटाउनु पर्ने |
| ३ | दफा ५ उपदफा ३ | लागत इस्टिमेट सम्बन्धि प्राबधान | उपदफामा भएको "उपदफा २ बमोजिम लागत अनुमान तयार भएपछी" भन्ने शब्द हटाउने |
| ४ | दफा ८ उपदफा ३ | लेखा शाखाले बिपन्न कृषक परिवारको नाउमा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ | कार्यालयले बिपन्न कृषक परिवारको सम्झौता कर्ताको नाउमा अनुदान रकम भुक्तानी गर्नु पर्नेछ |
| ५ | अनुसूची १ शर्तनामा ९ | कार्यक्रमको लागत इस्टिमेट | लागत इस्टिमेटलाई कार्यक्रमका क्रियाकलापहरुले प्रतिस्थापन गर्ने र लाभग्राहीको लोकेसन समेत देखिने फोटो समेत राख्ने |

| प्रमुखसंग कृषि कार्यक्रम संचालन कार्यविधि -२०७९ (पहिलो संशोधन २०८०) | | | |
|---|---|---|---|
| क्र.स. | दफा/नियम/उपनियम | हालको व्यवस्था के थियो | परिमार्जन गर्न खोजेको विवरण |
| 1 | दफा ३ उपदफा २ | कृषि कार्यक्रम संचालन गर्न कम्तिमा ५ घरधुरी ......... | कृषि कार्यक्रम संचालन गर्न कम्तिमा ३ घरधुरी ......... |
| २ | अनुसूची १ | खाद्यान्न, तरकारी बाली, फलफुल बाली, च्याउ, तेलहन/दलहन बाली र मौरीपालनमा लगानी | फलफूल बाली र तेलहन/दलहन बालीलाई सुचिबाट हटाउने |
| ३ | अनुसूची १ क्र.स. ६ | मौरीपालनका लागि ३०० घार आवश्यक | मौरीपालनका लागि १०० घार आवश्यक |

**"विपन्न परिवार तथा लक्षित समुह स्वास्थ्य बिमा कार्यक्रम कार्यबिधी २०७९" (पहिलो संशोधन २०८०)**

| क्र.सं. | दफा/उपदफा।नियम।उपनियम | हालको व्यवस्था | संसोधन गर्नुपर्ने |
|---|---|---|---|
| १. | दफा ६ उपदफा १ | ५ जनासम्मको स्वास्थ्य बिमा गर्दा लाग्ने शुल्कको ५०% रकम नगरपालिकाले अनुदान दिने | "शुल्क रकमको ५०%" भन्ने वाक्यांश हटाइको छ |
| २. | दफा ७ उपदफा १ | ५ जनासम्मको स्वास्थ्य बिमा गर्दा लाग्ने शुल्कको ५०% रकम नगरपालिकाले अनुदान दिने | " बिमितसँग ५०% रकम" भन्ने वाक्यांशको सट्टामा " ५ जना परिवार सदस्यभन्दा बाहेकको थप शुल्क" भन्ने वाक्यांश राखिएको छ |
| ३. | दफा ७ उपदफा २ | नगरपालिकाले संस्थालाई एकमुष्ट भुक्तानी दिने | दफा ७ को नियम २ हटाइएको छ |

**भवन नियमीत गर्ने सम्बन्धी कार्यविधि - २०७५ (पहिलो संशोधन २०८०)**

| क्र.सं. | दफा/ उपदफा | हालको व्यवस्था | संसोधन गर्नुपर्ने |
|---|---|---|---|
| १. | प्रस्तावना | प्रस्तावनाको पुरै भाग हटाई नयाँ राखिएको | खैरहनी नगरपालिका क्षेत्रभित्र नगरपालिका स्थापना हुनु भन्दा अगाडि तथा नगरपालिका स्थापना भईसके पछि नगरपालिकाबाट कानून बमोजिम नक्सापास नगरी बनेका घर तथा भौतिक संरचनाहरुलाई अभिलेखीकरण गर्नको लागि कार्यविधि बनाउन वान्छनिय भएकोले खैरहनी |

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | | | नगरपालिकाको नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि तयार गरेको छ। |
| २. | परिभाषा | ञ पछि ट थप | **'यथास्थिति'** भन्नाले नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका वा नगरपालिका स्थापना भै सकेपछि नगरपालिकाबाट स्वीकृति लिई नक्सापास तथा अभिलेखीकरण नभएका, नगरपालिकाबाट स्वीकृती लिई नक्सापास तथा अभिलेखीकरण गर्न नगरपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम नक्सापास तथा अभिलेखीकरण हुन नसकेका घर तथा भौतिक संरचनालाई नगरपालिकामा अभिलेख राख्ने प्रयोजनका लागि हाल जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा यथावत कायम राखी अभिलेख जनाउने कार्यलाई सम्झनु पर्दछ। |
| ३. | ९ ङ | खण्ड घ पछि खण्ड ङ थप गरिएको | (ङ) नगरपालिका स्थापना भए पछि वा स्थापना हुनु अगावै बनेको भवन तथा भौतिक संरचनाहरु हाल नगरपालिकाले निर्धारण गरेको बाटोको क्षेत्राधिकार भित्र परेको खण्डमा त्यस्ता भवन तथा भौतिक संरचनाहरुको अभिलेख प्रक्रिया गर्दा त्यस्तो क्षेत्राधिकार भित्र परेको भाग नेपाल सरकार वा नगरपालिकालाई सार्वजनिक प्रयोजनको लागि आवश्यक परेको बखत तत्काल भवन तथा भौतिक संरचनाको जगाधनि स्वमंले आफ्नै खर्चमा हटाउने शर्तमा हाललाई यथास्थिति कायम गरि अभिलेखीकरण गरिने छ। यसरी अभिलेखीकरण गर्दा भवन तथा भौतिक संरचनाको धनिसंग अनुसूची १ बमोजिमको प्रतिवद्धता गराईनेछ। |
| | १२ १३ १४ १५ र १६ | दफा १२ को २५ प्रतिशत<br>दफा १३ को २० प्रतिशत<br>दफा १४ को २० प्रतिशत<br>दफा १५ को २० र २५ प्रतिशत<br>दफा १६ को १० प्रतिशत | १०० प्रतिशत कायम गरिएको |
| | १७ | घरको अभिलेखीकरण गर्ने स्याद आ.व. २०७५/०७६ को अन्त्य सम्म हुनेछ। | घरको अभिलेखीकरण गर्ने र यथास्थितिमा अभिलेख जनाउने कार्यको म्याद आ.व. २०८१ आषाढ मसान्त सम्म हुनेछ। सो समय पश्चात कार्यपालिकाले आवश्यकता अनुसार समयावधि थप गर्न सक्नेछ। |

| | | | |
|---|---|---|---|
| | २२ | विवाद समाधान समितिको गठन<br>(क) उपप्रमुख श्री सुनिता खरेल थपलिया – संयोजक<br>(ख) ईन्जिनियर श्री राजेश कोईराला – सदस्य<br>(ग) ईन्जिनियर श्री धनकुमार लामा तामाङ्ग – सदस्य | क उप प्रमुख — संयोजक<br>ख प्रमुख प्रशासकीय अधिकृत – सदस्य<br>ग योजना शाखा प्रमुख — सदस्य<br>घ ईन्जिनियर घर नक्शा शाखा — सदस्य सचिव |
| | अनुसूची थप | | अनुससूची १ थप गरिएको |

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, खैरहनी चितवन
दफा ९ को खण्ड ङ संग सम्बन्धित
प्रतिवद्धता पत्र

................ जिल्ला ............... गाउँपालिका/नगरपालिका वडा नं. .... बस्ने ........... को नाति........... को छोरा ऐ / हाल ................ जिल्ला ............... गाउँपालिका/नगरपालिका वडा नं. .... बस्ने वर्ष ........ को म .................... ...........को नाउँमा साविक ................. गाविस वडा नं. ...... मा दर्ता कायम रहेको कित्ता नं. ..... को जग्गा विवरण ................ मा बनेको घर तथा भौतिक संरचना नगरपालिकाको हालको मापदण्ड बमोजिम सडक/अन्य क्षेत्राधिकार भित्र परी हालसम्म घर/भौतिक संरचनाको अभिलेखीकरण हुन नसकेको र हाल मलाई उक्त घर/भौतिक संरचनाको अभिलेखीकरण आवश्यक भएकोले उक्त घर/भौतिक संरचनाको सडक मापदण्डमा परेको भाग नेपाल सरकार/नगरपालिकालाई सार्वजनिक प्रयोजनको लागि आवश्यक परेको बखत तत्काल आफ्नै खर्चमा आफै हटाउने छु र सो जग्गा, घर/भौतिक संरचनाको र त्यस्तो घर/भौतिक संरचना हटाउँदा लागेको खर्चको कुनै किसिमको दाबि गर्ने छैन भनी खैरहनी नगरपालिकाको भवन नियमीत गर्ने सम्बन्धी कार्यविधि (संशोधन सहित)- २०७५ को दफा ९(ङ) बमोजिम यो प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेको छु। नियमानुसार घर/भौतिक संरचनाको अभिलेखीकरण गरी पाउँ।

प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्ने
नाम
ठेगाना